# मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) को जन्म किन भयो ?

## फोरम, नेपाल किन विभाजित भयो ?



## संक्षिप्त स्वेतपत्र

उपेन्द्र यादवको मधेशी जनअधिकार फोरम, नेपालमा किन विभाजन भयो ? यो एक स्वभाविक प्रश्न हो । अझ् यस अघि-मधेश आन्दोलन भन्दा पनि पहिले देखि र यस पटकसम्म गरी यो पार्टी ६ पटक विभाजन हुनुको कारण के हो ? यो खोजीको बिषय भएको छ । मधेशी जनताले पछिसम्म यसको खोजी गर्ने नै छन् । संक्षेपमा भन्नु पर्दा उपेन्द्र यादवले :

(१) पार्टीको उद्देश्य तथा लक्ष्यको प्राप्तिका लागि इमान्दारीका साथ काम गरेन ।

(२) पार्टीको जनाधारको क्षेत्र मधेशका जनताको प्रजातान्त्रिक भावनाको विपरित सदैव उग्रवामपंथी गठबन्धनको पक्षमा काम गरे ।

(३) मधेश आन्दोलनको उपलब्धिहरूलाई संस्थागत गर्नुको सट्टा निरन्तर सत्ता स्वार्थमा लिप्त रहेको देखियो ।

(४) पटक पटक उनको नेतृत्वको कमजोरी र स्वार्थका कारणबाट पार्टी र संसदीय दलमा विभाजन आएपनि पार्टीको एकताको पक्षमा काम गर्न असफल र असक्षम रहें ।

(५) पार्टी एकताको भावना विपरित पार्टी भित्रै गूटको सिर्जना गरे । मन नपर्ने नेताको विरूद्ध आफैले हस्ताक्षर अभियान चलाए ।

(६) सरकारमा सहभागिताको सन्दर्भमा पार्टी केन्द्रीय समिति तथा संसदीय दलको निर्णयको बिरूद्ध चाकडी र पैसाको लोभमा मंत्रीहरूको चयन गरे ।

(७) नेपालको संवेदनशील परराष्ट्र मंत्री भएर पनि मधेश र मुलुकको हित विपरित परिणाम आउने गरी भारतको सुरक्षाको विरूद्ध काम गरेर पार्टीको छवि एवं परराष्ट्र सम्बन्धलाई नै बिगारे ।

(८) पार्टीको र संसदीय दलको विधानको भावना विपरित आन्तरिक प्रजातन्त्रलाई समाप्त पारे ।

(९) पार्टीमा लोकतान्त्रिक पद्धति, मूल्य-मान्यता र सहकार्यको विपरितका काम कारवाही गरिरहे ।

(१०) आम मधेशीको हकहित सुनिश्चित गर्नेतर्फ भन्दा व्यक्तिगत स्वार्थको लागि पार्टीलाई दुरुपयोग गरेको । निजी लाभको लागि मधेशी जनताको भावना प्रति कुठाराघात गरेको तथा पार्टी हितको संरक्षण तथा सम्वर्धन गर्ने असफल रहेको ।

(११) पार्टी भित्र ठूलो मात्रामा आर्थिक हिनामिना गरेर विराटनगरको थापा निवासमा, वीरगंजको राधेमाई टोलमा, काठमाण्डौंको हातिवनमा र भारत विहार प्रदेशमा व्यक्तिगत तथा नातेदारको नाममा जग्गा घर खरिद गरेको प्रमाणित छ ।

(१२) उपेन्द्र यादवले नेपाली राजनीतिको लोकतान्त्रिक वा अलोकतान्त्रिक गठबन्धनको पहिचान गर्न सकेन ।

(१३) फोरम नेपालले मुलुकमा शांति र संविधानको सुनिश्चितता हुने राजनीतिक समिकरणमा रहने निर्णय गरेको थियो । तर यस निर्णयको बेवास्ता गरी उपेन्द्र यादवले स्वेच्छाचारी रूपमा पुरै फोरमलाई माओ वादीको प्रचण्डपथ जस्तै आफ्नो निजी सोचको “प्राधिकार” बनाए । त्यहाँ भिन्न मतको कुनै सम्मान र स्थान रहेन ।

यी अत्यन्त गंभीर बिषय हुन् । यस्ता अनेकन् कारणहरूले उपेन्द्र यादवको नेतृत्व स्वीकार गरी एउटै पार्टीमा रही काम गर्न नसकिने स्थिति भयो । यसर्थ मधेशी जनअधिकार फोरम, नेपालको संसदीय दलका २५ सदस्य मध्ये १३ सदस्यले छुट्टै राजनीतिक दल-मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) गठन गरेको हो । वास्तवमा अनेकौ प्रयत्न गर्दा पनि उपेन्द्र यादवमा कुनै सुधार नभएपछि बाध्यातावश यो निर्णय लिनु परेको हो ।

फोरम, नेपालको विभाजन नेतृत्वमा भागवण्डा नमिलेको कारणले, को मंत्री हुने-को नहुने कारणहरूले भएको होईन् । उपेन्द्र यादवले पार्टीमा जातिवादलाई बढावा दिएको कारणले पनि विभाजन भएको होईन । पार्टीमा विभाजनका माथी भनिएका कारणहरू वाहेक पनि अनेकन् बिषयहरू छन्, यसमा पनि आम मधेशीले विचार गर्नु जरूरी छ । संविधानसभाको निर्वाचन पछिका केही राजनीतिक मुख्य घटनाक्रममा तथा पार्टीको निर्णयहरू लिने प्रक्रृयामा उपेन्द्र यादवले गंभीर गलती गरेका छन् । संविधानसभाको प्रत्यक्ष निर्वाचनको टिकट दिंदा र समानुपातिक प्रणालीबाट सभासद्को चयन गर्दा केहीसंग अशो भनीय रूपमा रकम लिने काम भयो । अन्यथा, फोरमबाट संविधानसभामा बढी योगदान पुग्ने वातावरण हुन्थ्यो ।

राष्ट्रपतिको निर्वाचनमा उपेन्द्र यादवले एक्लो निर्णयबाट संयुक्त लोकतान्त्रिक मधेशी मोर्चामा भएको समझदारीका विपरितको सत्ता समिकरणमा पार्टीलाई फसाए । यसको परिणाम स्वरूप फोरमले सभामुखको पद गुमाउनु पऱ्यो । अनि सदैव निराश, क्षुब्ध र कार्यहीन रहने उपराष्ट्रपतिको पद पायो । उपराष्ट्रपतिको उम्मेदवारीमा पनि उपेन्द्रले वचन दिएर पनि पार्टीका बरिष्ट नेता सीतानन्दन रायलाई धोका दिए ।

राष्ट्रपतिको निर्वाचनमा उपेन्द्रले काँग्रेस-एमालेका नेतासंग सहिछाप गरी संयुक्त फोटो खिचांई प्रजातान्त्रिक गठबन्धन खडा गरेको सबैलाई थाहा छ । यसको १५ दिन पछि नै माओवादीसंग अर्को गठबन्धन खडा गरें । माओ वादीको सरकारमा जाने निर्णय गराए ।

प्रचण्डलाई प्रधानमंत्रीमा समर्थन गर्दा फोरमको संसदीय दलको बैठकमा प्रस्ताव राखिएको थियो : फोरम र सरकारका बीच भएको २२ सूत्रीय सम्झौता र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र सरकारका बीचको ८ सूत्रीय सम्झौताको अक्षरशः कार्यान्वयनका लागि माओवादी र एमालेबाट संविधानमा संशोधन निम्ति ठोस लिखित प्रतिवद्धता नआएसम्म सरकारमा जानु हुदैन । संसदमा माओवादी सरकारलाई समर्थन दिनु हुदैन । उपेन्द्रले मानेनन् । प्रचण्डलाई बिनाशर्त समर्थन दिने काम गरें । परिणमतः संयुक्त सरकारको साझा कार्यक्रममा हस्ताक्षर गर्दा मधेशको मुद्दाको वेबास्ता सहेर शीर निहुँराएर उपेन्द्र हस्ताक्षर गर्न बाध्य भए ।

बिजय गच्छदारले पार्टी विभाजन गरेको बखत कुनै सैद्धान्तिक र नीतिगत विवाद थिएन । विवादको मुख्य कारण थियो : १) उपेन्द्र यादवको अडान थियो कि माओवादीको नेतृत्वमा बहुमतको सरकार बनाउने । बिजय गच्छदारको

अडान थियो-माधव कुमार नेपालको नेतृत्वमा बहुमतको सरकार बनाउने । २) उपेन्द्र यादवको अर्को अडान थियो कि उनी स्वयं उपप्रधान मंत्रीको रूमा सर कारमा फोरमको नेतृत्व गर्ने । बिजय गच्छदारको अडान थियो कि-उपप्रधान मंत्रीको रूपमा सरकारमा फोरमको नेतृत्व उनले नै गर्ने । यसमा पार्टी अध्यक्षले सामञ्यजस्यता मिलाउन नसकेकै कारणले फोरममा विभाजन भयो ।

दुबै मधेश आन्दोलन पछिको सहमतिलाई पूरा गराउन दबावका लागि मधेशी पार्टीका सभासद्हरूले लगातार १२ दिन देखि संसद अवरुद्ध पारेका थिए । यसैको कारणले संसदमा अन्तरिम संविधानमा पाचौं पटक संशोधन हुदै थियो । मधेशका सवालहरूलाई पनि संविधान संशोधनमा व्यवस्था गरिनु पर्ने मांग उपेन्द्र यादवका समक्ष फोरम पार्टी भित्रैबाट राखिएको थियो । माओवादीले यसो चाहेका थिएनन् । प्रचण्डको प्रधानमंत्री हुने निश्चित  थियो । यस कारणबाट फोरमले तमलोपा र सदभावनाको साथ छोडेर माओवादीको शहमा मधेशको मांगबाट पछाडी हटें । फलतः संसदमा आफ्नै पार्टीका सहअध्यक्ष जयप्रकाश गुप्ताले दर्ता गराएको सरकारी विधेयकको विरोधको सूचना दुखःद रूपमा असफल भयो । यसबाट मधेशले ठूलो मूल्य चुकाउनु पर्‍यो । उपेन्द्र यादवले यहाँ सत्ताको लागि मात्र माओवादीसंग अपवित्र तथा अपारदर्शी सम्झौता गरें । यसको केही दिन मै माओवादीको सरकारमा सहभागी भए ।

नयाँ संविधानमा मधेशको सर्वाधिक मुख्य सवाल नै राज्यको पुनर्संरचना गराउनु हो । मधेश प्रदेश निर्माणको मुख्य आधार नै यही हो ।  संविधानसभाको राज्यको पुनर्संरचना तथा शक्तिको बाँडफाँट समितिमा मधेशी पार्टीहरूले एक मधेश प्रदेशको औचित्यलाई प्रमाणित गर्नेगरी राय दिन सकेन । प्रायसः सबैले नेपालको छापिएको नक्सामा मधेशका २० वटा जिल्लामा उत्तर, दक्षिण, पूर्व र पश्चिममा चारै तिरबाट चिन्ह लगाएर बुझाउने काम मात्र गरेका थिए । फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेशको वारेमा पार्टी भित्र एक दिन पनि कुनै छलफल तथा विचार विमर्श र निर्णय नगरी एक पूर्व सरकारी कर्मचारीको सामान्य तीन पेजको मस्यौदालाई फोरम नेपालको औपचारिक दस्तावेज भनी राज्यको पुनर्संरचना तथा शक्तिको बाँडफाँट समितिमा बुझाएर जग हसाँउने काम गरें ।  मधेशमा, मधेशी राजनीतिमा सबैभन्दा जिम्मेवार हुनुपर्ने मधेशी जनअधिकार फोरम,नेपालको औपचारिक प्रस्तुति लाजमर्दो थियो । यसको विकल्पमा फोरम नेपालको सहअध्यक्ष जय प्रकाश गुप्ताले सविस्तार संविधानसभाको राज्यको पुनर्संरचना तथा शक्तिको बाँडफाँट समितिमा पेश गरेको “एक मधेश प्रदेशको अवधारणा” लाई मधेशी जनअधिकार फोरम, नेपालको अध्यक्ष उपेन्द्र यादवले ईर्ष्यावश औपचारिक मान्यता दिने उदारता पनि देखाएन ।

सबै मधेशी पार्टीहरूका गरी ८३ जना सभासद्‌हरू संविधानसभाका ११ वटा समितिहरूमा छरिएका छन् । एक बिषय समितिमा बढीमा २/३ जनासम्म सदस्यहरू रहेका हुन्छन् । यसमा पनि आपसमा सहमति न हुनु, व्यक्तिपरक सोच हावी हुनु, पार्टीहरूको कम चासो हुनु, पार्टीगत भिन्नमतहरूले मधेशको मूल समस्याको समाधानमा सहयोग पुग्ने प्रकारको वातावरण बन्न नसक्नु जस्ता कमी कमजोरीको शिकार सबै मधेशी दलहरू रहेका छन् । यसबाट पार पाउने एक मात्र उपाय संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको सक्रियता एवं प्रभावकारिता नै हो । उपेन्द्र यादवले मोर्चालाई कहिले पनि प्रमुखता दिएन । उपेन्द्र यादवले चार पटक मोर्चामा विभाजन ल्याएर पटक-पटक बाहिरिए । उपेन्द्र यादवको कार्यशैली हेरौं सातौं चरणको प्रधानमंत्रीको निर्वाचनमा मधेशी मोर्चाले प्रचण्डलाई समर्थन गर्न नमाने पछि उपेन्द्रले मोर्चा बहिष्कार गरें । यस पछि माघ, २०६७ मा फोरम नेपालको केन्द्रीय समितिले पुनः मोर्चामा सक्रिय हुने निर्णय गऱ्यो । फोरम नेपाल  फेरी मोर्चामा आयो । अनि प्रधानमंत्री निर्वाचनको नयाँ क्रममा मोर्चाले बिजय गच्छदारलाई मत दिने निर्णय गरेपछि उपेन्द्र फेरी मोर्चाबाट अलग भए । यसरी पार्टीले फागुण १८ गते २०६७ को दिन मोर्चामा सरिक भई फेरी भोली पल्टै १९ गते बाहिरिनु ठूलो गलती र उपेन्द्र यादवको हावादारी निर्णयको पराकाष्ठा थियो । यो चाल फोरम फुटाउने षडयन्त्रको नायक रहेका एमाले पार्टीकै अध्यक्षलाई प्रधानमंत्री बनाउने उपेन्द्रको अर्को जाली काम बाहेक केही थिएन । यस कलाविहीन नाटकमा उपेन्द्र यादवले कुनै पनि सभासद् प्रधानमंत्रीको निर्वाचनबाट वाहिर रहन नहुने भनी सर्वोच्च अदालतको आदेशको आलोकमा देशको बहुप्रतिक्षित प्रधानमंत्री निर्वाचनको प्रक्रियाबाट नै योजनाबद्ध रुपमा पार्टीलाई बहिर्‍याउनु उनको षडयन्त्रपूर्ण कार्य वाहेक केही थिएन ।

उपेन्द्र यादवले सदैव माओवादी परस्त सोच एवं चिन्तन राखें ।  माओवादी प्रति उनको अन्तरनिहित प्रतिवद्धताका कारणले फोरमको प्रजातान्त्रिक चरित्र उपर गंभीर आघात पुगेको छ । मुलुकको 'अग्रगामी परिवर्तन सहितको राज्यको पुनर्संरचना' को निहूँमा उपेन्द्र यादवले फोरमलाई माओवादी एजेण्डा र माओवादीको राजनीतिक-विचारधारात्मक मतियार बनायो । दुर्भाग्यवश फोरम,नेपाल माओवादी-झलनाथ ध्रुवीकरणमा   फस्यो । यही ध्रुविकरणको कारणले नयाँ संविधानका लागि उपेन्द्र यादवले माओवादीका सबै लोकतन्त्र विरोधी एजेण्डाहरूलाई हुबहु फोरम,नेपालको एजेण्डा बनाए, ती हुन् :

१) माओवादीका झै फोरम,नेपाल पनि प्रत्यक्ष मतदानबाट कार्यकारी राष्ट्रपतिको चयन हुनुपर्छ भने । जननिर्वाचित संसदको विधायकीय

भुमिका वाहेक यस निकायका प्रति कार्यकारी प्रमुखको नैतिक उत्तर दायित्व मात्र रहने व्यवस्था हुनुपर्ने माओवादी अडानमा उपेन्द्रले सहमति जनाए ।

२) संसदबाट जन्मिने र संसद प्रतिनै जवावदेह न्यायिक प्रणाली रहनु पर्ने माओवादी अडानमा उपेन्द्र लागे ।

३) संविधानको व्याख्या गर्ने तथा केन्द्र र प्रदेश तथा अन्तरप्रदेश विवाद निरुपण जस्ता संघीयता संरक्षणका मेरुदण्डहरू विधायकीय बर्चस्वबाट बन्ने संवैधानिक अदालतले हेर्ने माओवादीको एजेण्डामा उपेन्द्र सहमत भए ।

४) संघीयताको मुख्य आधार जातीय हुनुपर्नेमा फोरम,नेपालको सहमति भयो ।

५) सर्वमान्य बहुमतीय प्रणालीको सट्टा प्रदेशमा सरकार बनाउन आवधिक जनजातीय अग्राधिकार हुनुपर्ने ।

६) सरकारहरूले जग्गाको हदबन्दी निर्धारण गर्ने । कुनै क्षतिपूर्ति बेगर राज्यले जनताको सम्पतिहरण गर्न पाउने र यो कार्य निर्वाचित सरकारहरूको विधायकीय अधिकार हुनेमा उपेन्द्र सहमत भए ।

७) लोकराज्य प्रणालीलाई सैनिकीकरण निम्ति १८ बर्ष पुगेका सबै युवालाई अनिवार्य सैन्य तालिम लिनुपर्ने माओवादी विचारमा उनि सहमत भए ।

८) संविधानमा गणतन्त्र वाहेक कुनै पनि बिषय जस्तै : बहुदलीय प्रतिस्पर्धा, बहुलवाद, मौलिक अधिकार, प्रेस स्वतन्त्रता र अन्य नागरिक स्वतन्त्रताहरू अपरिवर्तनीय हुन नहुने ।

माओवादीका उपयुक्त एजेण्डाहरूलाई उपेन्द्र यादवले फोरम नेपालको एजेण्डा बनाए । हालै माओवादी पार्टीको केन्द्रीय समितिले शांति र संविधान भन्दा जनविद्रोहको लाईन पारित गरेको छ । यसै गरी मधेशलाई ठिक पार्न मधेश भित्र शसस्त्र प्रतिरोधको योजना पारित गरेको छ । माओवादीका यी मान्यताहरू मधेशको हीतमा छैन । यसका बाबजूद पनि उपेन्द्र यादवले फोरम, नेपाललाई माओवादीको पूरक पार्टी बनाउदै लगे ।

माओवादीले तत्कालिन प्रधानमंत्री माधव कुमार नेपाललाई पदबाट हटाउन आन्दोलन थालेको बखत त्यस आन्दोलनलाई मधेशबाट पूरकको रूपमा सहयोग पुऱ्याउन प्रधानमंत्री माधव कुमार नेपालको राजिनामाको लगभग

एकसूत्रीय मांगलाई सारेर उपेन्द्र यादवले आन्दोलन गर्ने निर्णय गरें। पूरै मुलुक त्यस माओवादीको आन्दोलनको बिरोधमा उत्रेको बखत उपेन्द्र यादवले माओवादी सत्ता कब्जा गर्ने आन्दोलनलाई फोरम,नेपालको नैतिक समर्थन छ भनेर फोरमको साख खसाल्ने र हुर्मत लिने काम  गऱ्यो ।

पछिल्लो पटक झलनाथ खनालको नेतृत्वमा सरकारको गठन तथा त्यस सत्ता समिकरणमा उपेन्द्र यादव लाग्नुले उनि माओवादीका पिछलग्गु हुन भनी पुष्टि भएको छ । जबकि, फोरम,नेपाल पार्टीले माओवादी-झलनाथ बीच हस्ताक्षर भएको गोप्य ७ सूत्रीय सम्झौतालाई मान्न नसकिने भनेको थियो । यसरी आफ्नै बोलीको स्वर हराउन नपाउदै त्यही फेरी त्यही सरकारमा जानु भनेको उपेन्द्रको चरम अवसरवादीता वाहेक केही होईन ।

केही अघि मात्र माओवादी पार्टीको केन्द्रीय समितिले पारित गरेको जनविद्रोहको कार्यनीति अनुसार “विद्रोहलाई मूलतः मधेशमा केन्द्रीत गराउने” कुरालाई फोरम,नेपालले विरोध गरेको थियो। फोरमले भनेको थियो : “मधेशलाई माओवादी सैन्य चिन्तनबाट मुक्त गराउने” हाम्रो एक मुख्य अभिभारा हुनुपर्दछ। तर उपेन्द्र यादव सरकारमा गएपछि माओवादीको सैन्य चिन्तनलाई ठप्पा लगाउने कयौं कार्य गरेको छ। प्रचण्ड, झलनाथ र उपेन्द्र यादवले वालुवाटारमा हस्ताक्षर गरी १० हजार माओवादी सेनालाई समायोजन गर्नेमा सहमत हुनु यसको अकाट्य उदाहरण हो ।

फोरमको निर्माणका बखत, मधेश आन्दोलनका बखत, संविधान सभाको निर्वाचन भन्दा पहिला र त्यस पछि आजसम्म अनेकन् सन्दर्भहरूमा शुरू भएको उपेन्द्र यादवको यस्तो हठवादी तथा अप्रजातान्त्रिक कार्यशैलीका अनेकौं तिता मिठा अनुभवहरू छ । फोरम,नेपालको तत्कालिन संसदीय दलका नेता बिजय गच्छदारबाट पार्टीको विभाजन भएको बेला हामीले बडो यत्न र प्रयासका बावजूद पार्टीको वैधानिकता र चुनाव चिन्ह जोगाउन सकेका थियौं। परस्परको विश्वास र भरको आधारमा उचित-अनुचित तरिकाबाट निर्णय, कागजपत्र मिलाएर हामी संकटबाट जोगिने काम गऱ्यौं । यस पछिको अवधिमा हामीले पार्टी पुर्ननिर्माणको अभियानमा लाग्यौं । यस योगदानको मूल्याँकन उपेन्द्रले गर्न सकेनन् ।

फोरम नेपालका बैठकहरूमा धेरै जसो केन्द्रीय सदस्य तथा सभासदहरूले : फोरम, नेपाल समेतका मधेशी दलहरू एकातिर यथास्थितिका पक्षधर नेपाली काँग्रेस-एमाले जस्ता एकात्मवादी राजनीतिक दलहरूको र अर्को तर्फ एकदलीय कम्युनिष्ट उग्रवामपंथी माओवादीको-चेपमा परेको कुरा स्वीकार्ने गरेका थियौं।

यस क्रममा काँग्रेस-एमाले जस्ता दलसंग राज्य रूपान्तरणको कुनै एजेण्डा नै छैन भन्ने कुरा मान्दै अर्को तर्फ प्रगतिशील जामा भिरेका माओवादी भने अग्रगामी परिवर्तनको नारामा एकदलीय अधिनायकवाद थोपर्न खोजेको तथ्यको चर्चा गर्ने गरेकै थियौं । यसरी माओवादीसंग हत्पत् बिना ठोस आधारको सरकार बनाउनु हुदैन भनी मानेका थियौं । यस्तो जटील परिस्थितिमा फोरमले समन्वय मिलाउन सकेन भने माओवादीबाट हुने खतरालाई रोक्ने नाममा काँग्रेस-एमाले यथास्थितिवादीको मतियार बन्नु पर्ने हुन्छ । अर्को तिर उपेन्द्रको शैलीमा माओवादीको पक्षपाति हुदाँ अराजक शासन पद्धति तथा एकदलीय तानाशाहीको मार खप्नु पर्ने संभावना छ भनेर हामी सचेत रहदै आयौं । तर उपेन्द्र यादवले सधैं निर्णय लिनु पर्दा माओवादी कै चरित्र निर्वाह गरें । माओवादी पार्टी कसैको नजरमा महान क्रान्तिकारी र अद्वितीय परिवर्तनकारी हुन सक्छ । मधेशको सबैभन्दा ठूलो मुक्तिदाता पनि भनिन सकिन्छ होला । तर के मधेशको जनादेश फोरमको माओवादीमा विलय हो ? कदापी पनि होईन् । हामी, आज नयाँ संविधानका माध्यमले मुलुकमा जग हाल्न लागिएको लो कतान्त्रिक समाजका एक अंग हौं । लोकतान्त्रिक पद्धतिको क्रियान्वयनबाट मात्र मधेश र मधेशीको हक तथा अधिकारको सुनिश्चितता हुन सक्दछ ।

हामी माओवादी वा अन्य कसैको सरकार बन्न चाहिने अनेकन् पार्टपूर्जा मध्येका एक होईनौं । कुनै पनि हालतमा हामी यसरी प्रयोग हुनु हुदैन । मुलुकको जटील तथा अत्यन्त विग्रहोन्मुख राजनीतिक परिस्थितिमा मधेशी समग्र शक्तिको प्रयोग वा मधेशका कुनै दूई ठूला पार्टीको सम्मिलित प्रयोग एक्लै भएपनि हाम्रो पार्टीको उपयोग शांति र संविधान निर्माणको अचूक सूत्रको रुपमा हुन सक्छ । यसमा साथीहरूको तर्फबाट विचारहुने सविनय अपेक्षा छ । धन्यवाद ।

---

मिति : २०६८, जेठ १७ गते

**मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) ले जारी गरेको ।**